आज मिति २०७८ आषाढ २५ गते प्रमुख जिल्ला अधिकारी श्री मनमाँया भट्टराई पंगेनीको अध्यक्षता र देहायका पदाधिकारीहरुको उपस्थितिमा जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को वैठक बसी निम्नानुसार निर्णय गरियो ।

**<u>विशेष उपस्थिति</u>**

प्रदेश सभा सदस्य माननीय श्री रोशन बहादुर गाहा, गण्डकी प्रदेश

**<u>उपस्थिति</u>**

प्र.जि.अ. श्री मनमाँया भट्टराई पंगेनी, जिल्ला प्रशासन कार्यालय, नवलपरासी (व.सु.पू.)

नगर उपप्रमुख श्री पार्वता तिवारी,देवचुली नगरपालिका, न.प.(व.सु.पू.)

स.प्र.जि.अ. श्री मोहन बहादुर थापा, जिल्ला प्रशासन कार्यालय, नवलपरासी (व.सु.पू.)

प्रमुख सेनानी श्री शारदा भक्त माटांगुलु, श्री नं. २ वन तथा पर्यावरण सुरक्षा गण, नवलपरासी (व.सु.पू.)

प्र.उ. श्री प्रकाश मल्ल, जिल्ला प्रहरी कार्यालय, नवलपरासी (व.सु.पू.)

उप.अनु.नि.श्री रमेश चन्द्र यादव, राष्ट्रिय अनुसन्धान जि.का.न.प.(व.सु.पू.)

स.प्र.ना.उ. श्री विर भद्र नाथ, स.प्र.वल नेपाल नं. ३१ गुल्म न.प. (ब.सु.पू.)

कार्यालय प्रमुख श्री केशव प्रसाद चापागाई, स्वास्थ्य कार्यालय, नवलपरासी (व.सु.पू.)

मे.सु. डा. वीर बहादुर थापा, मध्यविन्दु जिल्ला अस्पताल, नवलपरासी (व.सु.पू.)

प्र.अ. श्री आनन्द शर्मा भुसाल, जिल्ला प्रशासन कार्यालय, नवलपरासी (व.सु.पू.)

डा. शिवराज न्यौपाने, मध्यविन्दु जिल्ला अस्पताल, नवलपरासी (व.सु.पू.)

अध्यक्ष श्री कमल नारायण श्रेष्ठ नेपाल औषधि व्यवसाय संघ, नवलपरासी (व.सु.पू.)

अध्यक्ष श्री विरेन्द्र पराजुली, पत्रकार महासंघ, नवलपरासी (व.सु.पू.)

कोषाध्यक्ष श्री ऋषिराम कंडेल, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा न.प.(व.सु.पू.)

अध्यक्ष श्री बद्रिनाथ नेपाल गौतम महासंघ नेपाल जि.शाखा न.प.(व.सु.पू.)

डि.व.अ. श्री मोहन राज काफ्ले डि.व.का. नवलपुर

अध्यक्ष श्री [illegible] राज पोखरेल, नवलपुर उद्योग वा. संघ

**निर्णय नं. १ :**

विश्वव्यापी रुपमा फैलिएको नया भेरियन्ट सहितको कोभिड-१९ यस जिल्लामा समेत न्युन भैनसकेको हुँदा संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७८।०१।२१ गते मंगलवार रातको १२:०० बजे देखि शुरु भई मिति २०७८।०३।२७ गते आइतवार रातको १२:०० बजेसम्म लागु हुने गरी निषेधाज्ञा जारी भएकोमा संक्रमणको जोखिम पूर्ण रुपमा हटि नसकेकोले सो निषेधाज्ञालाई केही खुकुलो बनाउदै निरन्तरता दिई मिति २०७८।०३।२७ गते आइतबार रातको १२:०० बजे देखि मिति २०७८।०४।०६ गते बुधवार रातको १२:०० बजेसम्म लागु हुने गरी निषेधाज्ञा जारी गर्न अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. २:**

जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को मिति २०७८।०३।१७ गतेको बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो। जिल्लामा मिति २०७८ बैशाखको सुरुदेखि हालसम्म कोभिड-१९ का जम्मा संक्रमित ५०८१ जना, निको हुने ४५६३ जना, मृत्यु हुने ९१ जना र हाल सक्रिय संक्रमितको संख्या ४२७ जना मध्ये अस्पतालमा हाल उपचाररत १८ जना रहेको। कुल संक्रमितको ८.४% हाल सक्रिय संक्रमित रहेको, १.८% मृत्यु भएका, ८९.८% निको भएका। सक्रिय संक्रमित मध्ये ४.२% अस्पतालमा उपचाररत रहेका र ९५.८% होम आइसोलेसनमा सामान्य अवस्थामा रहेका। जिल्लामा कोरोनाको संक्रमण दर घट्दो क्रममा रहेको भएतापनि संक्रमणको जोखिम कायमै रहेको महसुस गरियो।

**निर्णय नं. ३:**

कोभिड-१९ को विद्यमान अवस्थालाई मध्यनजर गरी आर्थिक गतिविधीलाई थप चलायमान गराउने तर्फ अवस्था बिश्लेषण गर्दै आर्थिक क्रियाकलाप अगाडि बढाउने निर्णय गरियो।